तादी गाउँपालिका

# स्थानीय राजपत्र

| खण्ड : ७ | संख्या : ९ | मिति : २०८१।०२।१४ |
|---|---|---|

भाग – २

**तादी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खरानीटार, नुवाकोट**

वागमती प्रदेश, नेपाल

## ताँदी गाँउपालिका कृषियान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०८०

प्रस्तावना:- तादी गाँउपालिका कृषि उद्यमी तथा व्यवसायिक कृषकहरुलाई अनुदानको माध्यमबाट कृषि यन्त्र उपलब्ध गराई कृषिकर्मलाई आधुनिकीकरण गर्दै जनताको जीवनस्तरमा सुधार ल्याउन र खेती प्रणालीलाई वैज्ञानिक, व्यवस्थित तथा पारदर्शी बनाउन वाञ्छनीय भएकोले, ताँदी गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) बमोजिमको अधिकार प्रयोग गरी ताँदी गाँउपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम प्रारम्भः-**

(१) यस कार्यविधिको नाम "कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०८०" रहेको छ। (२) यो कार्यविधि तादी गाँउपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२.परिभाषाः**-बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**क) "कार्यपालिका"** भन्नाले तादी गाँउपालिकाको कार्यपालिकालाई बुझ्नु पर्छ।

**ख) "शाखा"** भन्नाले तादी गाँउपालिकाको कृषि विकास शाखालाई बुझ्नु पर्छ।

**ग) "सेवा केन्द्र"** भन्नाले तादी गाँउपालिकाको कृषि विकास शाखा अर्न्तगत रहेको कृषि सेवा केन्द्रलाई बुझ्नुपर्छ।

**घ) "वडा कार्यालय"** भन्नाले तादी गाँउपालिकाको वडा कार्यालयलाई बुझ्नु पर्छ।

**ङ) "मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको बुदा नं.४ बमोजिम गठित मुल्याङ्कन समितिलाई बुझ्नु पर्छ।

**च) "समूह/सहकारी"** भन्नाले तादी गाँउपालिकाको दर्ता तथा नवीकरण भएका कृषि समूह तथा सहकारीलाई बुझ्नु पर्दछ।

**छ) "उद्यमी/व्यवसायी"** भन्नाले करदाता सेवाकार्यालयमा व्यवसाय दर्ता तथा नवीकरण गरेका कृषि फार्म तथा व्यवसायिक कृषकलाई बुझ्नु पर्दछ।

**ज) "कृषियन्त्र"** भन्नाले आधुनिक खेती गर्नको लागि प्रयोग हुने सुधारिएको मेशिन, औजार तथा उपकरण समेतलाई जनाउनेछ।

## परिच्छेद-२

### प्रस्ताव आव्हान र मूल्याङकन सम्बन्धी व्यवस्था

**३. प्रस्ताव आव्हानः-** (१) यस कार्यविधि बमोजिम यान्त्रिकरण अनुदान वितरण गर्नको लागि गाँउपालिकाका कृषि विकास शाखाले ईच्छुक कृषक/समूह/सहकारी/फर्महरुबाट यान्त्रिकरण मागको प्रस्ताव पेश गर्न (७, १४, २१ वा ३०) दिनको समय दिई सार्वजनिक सूचना गर्नेछ । गाँउपालिकाले यस्तो सूचना वेवसाइटमा राख्ने व्यवस्था मिलाउनुको साथै सम्पूर्ण वडा कार्यालयमा समेत टाँस गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) यस कार्यविधि अनुरुप यान्त्रिकरण अनुदान प्राप्त गर्न चाहने उद्यमी/समूह/सहकारी संस्थाहरुले तोकिएको मिति भित्र गाँउपालिकामा आफूलाई आवश्यक यान्त्रिकरण अनुदानको विवरण सहित अनुसुची-१ को ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) उद्यमी/समूह/सहकारी संस्थाहरुले कार्यालयमा पेश गर्ने प्रस्तावको साथमा सम्बन्धित वडा कार्यालयको सिफारिश, व्यवसायदर्ता/नवीकरण प्रमाण-पत्र, एब्लरख्ब्त दर्ता प्रमाण- पत्र, कर चुक्ता प्रमाण-पत्र,व्यवसायिक योजना, अनुभव र तालिमको प्रमाण-पत्रको प्रतिलिपि समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

**४. प्रस्ताव मूल्याङ्कन समितिः-** (१) यस कार्यविधि बमोजिम कृषि यान्त्रिकरण अनुदान हस्तान्तरणको लागि प्राप्त प्रस्तावहरु छनौट गर्नको लागि देहाय बमोजिमको एक प्रस्ताव मूल्याङकन समिति रहनेछ ।

**क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकिएको वरिष्ठ अधिकृत -संयोजक**

**ख) प्रशासन शाखा प्रमुख -सदस्य**

**ग) कृषि शाखा प्रमुख -सदस्य-सचिब**

(२) मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) मूल्याङकन समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) प्रस्ताव मूल्याङकन गर्दा मूल्याङ्कन समितिले अनुसुची-२ बमोजिमका मूल्याङकनका आधारहरु बमोजिम गर्नुपर्नेछ ।

(५) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु मूल्याङ्कन गरी क्रमशः बढी अङ्क प्राप्त गर्ने प्रस्तावहरु स्वीकृत गर्नुपर्नेछ ।

(६) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु मूल्याङ्कनका सिलसिलामा आवश्यकता अनुसार अनुगमन निरीक्षण गराई प्रतिवेदन लिन सक्दछ ।

## परिच्छेद-३

## यान्त्रिकरण अनुदान हस्तान्तरण सम्बन्धी प्रक्रिया एवं शर्तहरु

५. यान्त्रिकरण अनुदान हस्तान्तरणमा प्राथमिकता दिइनेः-

(१) यान्त्रिकरण अनुदान हस्तान्तरण गर्दा देहाय बमोजिमका कृषक/समूह/सहकारी/फर्म संस्थालाई प्राथमिकता दिइनेछ ।

- कृषि सम्बन्धी तालीम प्राप्त गरी उद्योग व्यवसाय संचालन गरेको ।
- कृषि समूह/सहकारी/निजी फार्म दर्ता गरी संचालन गरेको ।
- स्वदेशी श्रम, शिप तथा स्थानीय कच्चा पदार्थको उपयोग गरी स्थापना एवं संचालन भएका कृषि उद्योग तथा व्यवसाय भएको कृषक ।
- महिला, दलित, लोपोन्मुख, अपाङ्ग, आर्थिक एवं सामाजिक दृष्टिले पछाडी परेको कृषक
- वातावरणमैत्री कृषि उद्योग व्यवसाय संचालन गरेको कृषक ।

### ६. यान्त्रिकरण अनुदान हस्तान्तरण सम्बन्धी प्रक्रियाः-

(१) कार्यक्रम संचालनार्थ गाँउपालिकाको तर्फ बाट प्रत्येक आर्थिक बर्षमा विनियोजित हुने रकमको परिधिभित्र रही आवेदन साथ संलग्न प्रस्ताव अनुसार कृषकको क्षमता र यान्त्रिकरण अनुदान हस्तान्तरण कार्यक्रमबाट प्राप्त हुने उपलब्धी र प्रभावका आधारमा मूल्याङ्कन समितिले सिफारिश गरे बमोजिमको यान्त्रिकरण अनुदान प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानूनको अधीनमा रही यसै कार्यविधि बमोजिमको मापदण्ड पुगेको कृषकसँग सम्झौता गरी यान्त्रिकरण अनुदान हस्तान्तरण गरिनेछ ।

(२) कृषकको आवश्यकता र कृषि व्यवसायबाट हुने रोजगारीका आधारमा लागत अनुमानको बढीमा ७५% ( पचहत्तर प्रतिशत) सम्मको अनुदान उपलब्ध गराईनेछ । उपलब्ध गराईने यान्त्रिकरण अनुदानको कुल लागतको कम्तीमा २५% (पच्चिस प्रतिशत) रकम कृषकले व्यहोर्नु पर्नेछ ।

(३) अनुदान कार्यक्रमको लागि छनौट भएका कृषकहरुबाट संझौता हुनुपूर्व जम्मा हुनु पर्ने लागत सहभागिता बापतको रकम गाँउपालिकाको खातामा नगदै जम्मा गरी भौचर पेश गर्नु पर्नेछ अथवा कृषकहरुले लागत वापतको रकम आपूर्तिकर्तालाई सोझै भुक्तानी गरी छ बिल भरपाई पेश गरी सके पश्चात कार्यालयले उपलब्ध गराउने अनुदान करम आपूर्तिकर्तालाई भुक्तानी गर्नेछ ।

(४) यस कार्यक्रम अन्तर्गत उपलब्ध गराईने प्रविधिको आपूर्ति र वितरण सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ ।

**७. यान्त्रिकरण अनुदान कार्यक्रम अन्तर्गत हस्तान्तरण गरिने कृषि औजार तथा उपकरणहरुः**

| क्र.सं. | कृषिऔजार तथा उपकरणको नाम | सामाग्रीको क्षमता | गा.पा.दिइने अनुदान रकम (अधिकतम) | कृषकको लागत सहभागिता (न्यूनतम) |
|---|---|---|---|---|
| १. | मिनि टिलर | ९ एच.पी.सम्म | ५० प्रतिशत | ५० प्रतिशत |
| २. | पावर मेशिन | | ५० प्रतिशत | ५० प्रतिशत |
| ३. | सिड ड्रिलर | | ५० प्रतिशत | ५० प्रतिशत |
| ४. | ब्रस कटर | | ५० प्रतिशत | ५० प्रतिशत |
| ५. | मल्टी कप थ्रेसर | | ७५ प्रतिशत | २५ प्रतिशत |
| ६. | पवर स्प्रेयर | | ५० प्रतिशत | ५० प्रतिशत |
| ७. | पि.एच.मिटर | | ५० प्रतिशत | ५० प्रतिशत |
| ८. | डिप टिलिङ | | ५० प्रतिशत | ५० प्रतिशत |
| ९. | मेज हार्भेष्टर | | ७५ प्रतिशत | २५ प्रतिशत |
| १०. | लेजर ल्याण्ड लेभलर | | ७५ प्रतिशत | २५ प्रतिशत |
| ११. | एन्टी स्वीड ह्विल | | ५० प्रतिशत | ५० प्रतिशत |
| १२. | आलु खन्ने | | ५० प्रतिशत | ५० प्रतिशत |
| १३. | चिलिङ भ्याट | | ७० प्रतिशत | ३० प्रतिशत |
| १४. | मिल्क एनलाईजर | | ७० प्रतिशत | ३० प्रतिशत |
| १५. | मिल्क क्यान | | ७० प्रतिशत | ३० प्रतिशत |
| १६. | डि फ्रिज | | ७० प्रतिशत | ३० प्रतिशत |
| १७. | Fat cutter Machine | | ७० प्रतिशत | ३० प्रतिशत |

**नोट : कृषि तथा पशुपन्छि क्षेत्रमा आवश्यक पर्ने सम्पुर्ण औजार तथा उपकरणहरु अनुदानमा दिन सकिने तथा अनुदान बढीमा ७५ प्रतिशत हुने छ**

**८.अनुदान हस्तान्तरणका शर्तहरुः-**

(१) कृषकहरुले प्राप्त यन्त्रिकरण अनुदानको उचित सदुपयोग गर्नुपर्नेछ ।

(२) अनुदान प्राप्त गरेको मितिले ५ बर्षसम्म अरुलाई हस्तान्तरण गर्न पाईने छैन, सो भन्दा अगावै हस्तान्तरण वा बिक्री वितरण गरेमा वा सम्झौता बमोजिम अनुदानको उपयोग नगर्ने कृषकलाई प्रचलित

कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिने र त्यस्ता कृषकलाई यस कार्यक्रमबाट बञ्चित गरिनेछ ।

(३) कुनै कृषकले अनुदानको पूर्ण सदुपयोग गरी व्यवसायमा उन्नति गर्नुको साथै स्थानीय स्तरमा रोजगारी सिर्जना गरी समुदायलाई उल्लेखनीय योगदान पुर्‍याएमा त्यस्ता कृषकलाइ पुनःअनुदान उपलब्ध गराउन सकिनेछ ।

(५) यान्त्रिकरण अनुदान अनुसुची-३ को ढाँचामा सम्झौता गराई हस्तान्तरण गर्नु पर्नेछ ।

## परिच्छेद-४

## अनुगमन, निरीक्षण तथा मुल्याङ्कन सम्बन्धी व्यवस्था

**९.अनुगमन, निरीक्षण तथा मुल्याङ्कनः**- यस कार्यविधि अनुसार उपलब्ध गराईने यन्त्रिकरण अनुदान सदुपयोग भए नभएको बारेमा कार्यालयले जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्ने र मूल्यांकन गरी प्रतिवेदन दिन सक्नेछ ।

## परिच्छेद-५

## विविध व्यवस्था

**१०.बाधा अड्काउ फुकाउने अधिकारः-** यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानमा द्धिविधा उत्पन्न भएमा वा कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले द्धिविधा हटाउन वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

**११.प्रचलित कानून बमोजिम हुने**ः-यस कार्यविधिमा उल्लेखित कुनै प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**१२.कार्यविधिमा संशोधनः**- तादी गाँउपालिकाको कार्यपालिकाले यस कार्यविधिमा समयानुकुल संशोधन गर्न सक्नेछ ।

**अनुसूची-१**

**(कार्यविधिको बुदाँ नं.३ (२) संग सम्बन्धित)**

**यन्त्रिकरण अनुदान सहयोगको लागि कृषकले कार्यालयमा पेश गर्ने निवेदनको ढाँचा**

मिति.....................

श्रीमान प्रमुख प्रशासकीयअधिकृत ज्यू,

तादी गाँउपालिकाका, खरानिटार ।

**बिषयःकृषि यन्त्रिकरण अनुदान उपलब्ध गराई दिनु हुन ।**

महोदय,

मेरो/हाम्रो नाममा........................................कार्यालयमा दर्ता भएको दर्ता नं ..... .........को ................................ कृषि फार्म/समूह/सहकारी कृषि व्यवसाय प्रर्वद्धन गर्न साथै कृषिलाई आधुनिकीकरण गर्न अति आवश्यक भएकोले कृषि यन्त्रिकरण अनुदान अर्न्तगत निम्न बमोजिमको मेशिन/औजार/उपकरण उपलब्ध गराई दिनुहुन , यो निवेदन पेश गरेको छु/छौं ।

**निवेदकको विवरण**

१. कृषकको नाम, थर र ठेगानाः

२. व्यवसाय/फार्म दर्ता नं. :

३. समूह/सहकारी को दर्ता नं. :

४. व्यवसाय/फार्ममा लगानी भएको पुँजी :

(क)स्थीर पूँजी :(ख)चालू पूँजी :जम्मापूँजी

५. व्यवसाय/फार्म बाट हुने बार्षिक आम्दानी रु :

६.रोजगारीको संख्या :

७.माग गरेको मेशिन/औजार/उपकरणको नाम :

**संलग्न कागजातहरु**

व्यवसायदर्ता/नवीकरण प्रमाणपत्र

करचुक्ता प्रमाण पत्र

नेपाली नागरिकताको प्रतिलिपि

अनुभव र तालीमको प्रमाण पत्रको प्रतिलिपि

वडाको सिफारिस

समूहको निर्णय व्यवसायिक योजना (स्कीम)जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि अन्य आवश्यक कागजातहरु

निवेदकदर्ता नं.

नाम :

ठेगाना :

दस्तखत :

सम्पर्क नः

संस्थाको छाप

## अनुसुची-२

## (कार्यविधिको बुदाँ नं.४ (४) संग सम्बन्धित)

## प्रस्ताव मुल्याङ्कनका आधारहरु

| **क.स** | **मूल्याङकनका आधार** | **प्रदान गरिने अकं** |
|---|---|---|
| १ | सरकारी निकायबाट तालिम लिई व्यवसाय संचालन गरेको फार्म/ समुह/सहकारी संस्था | २० |
| २ | अन्य स्वीकृत प्राप्त संस्थाबाट तालीम लिई कृषि उद्योग तथा व्यवसाय संचालन गरेको कृषकहरु | १० |
| ३ | स्थानीय कच्चा पदार्थमा आधारित कृषि व्यवसाय संचालन गरेको कृषकहरु | १० |
| ४ | कृषि व्यवसाय संचालन गरी अन्य रोजगारी सिर्जना गरेको भए | २० |
| ५ | फार्म/कृषि समुह/सहकारीले कृषि सम्बन्धी उल्लेखनीय काम गरेको भए | २० |
| ६ | महिला, दलित, लोपोन्मुख, आदिबासी जनजातिबाट संचालन गरेको कृषि व्यवसाय भए | २० |

**पुनश्च :**

१)उल्लेखित आधारमा मूल्याङकन गर्दा कम्तीमा ५० अङ्क प्राप्त गर्ने कृषकलाई मात्र छनौट गरिनेछ ।

२) व्यवसायदर्ता/नवीकरण, करचुक्ता प्रमाण पत्र, व्यावसायिक योजना, तालीम र अनुभवका प्रमाण पत्र पेश नगर्ने कृषकलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

## अनुसुची-३

### (कार्यविधिको बुदाँ नं.८(५)संग सम्बन्धित)

### कृषि फार्म, समूह, सहकारी लाई कृषि यन्त्रिकरण अनुदान हस्तान्तरणको सम्झौता

लिखितम् नुवाकोट जिल्ला तादी गाउँपालिका ........नं वडा ..................टोल बस्ने म श्री.....................................ले विगत..........वर्षदेखि दर्ता नं..............दर्ता मिति........................मा कृषि फार्म/समूह/सहकारी ..........................कार्यालयमा दर्ता गरी यस कार्यालयको सूचना अनुसार मलाई आवश्यक पर्ने कृषि यन्त्रिकरण अनुदान माग गरेको छु। मैले यसको कार्यविधि राम्ररी बुझेको छु । मैले प्राप्त गर्ने उपकरण आफ्नो कृषि व्यवसायमा प्रयोग गर्नेछु । उक्त उपकरण आजको मितिले ५ वर्ष सम्म कसैलाई पनि बिक्री वितरण वा हस्तान्तरण गर्ने वा भाडामा दिने छैन । यो सम्झौता विपरित गरेमा कार्यालयको नियम अनुसार प्राप्त अनुदान वापतको रकम फिर्ता समेतको कारवाही व्यहोर्न राजी छु भनि यस सम्झौतामा सहीछाप गरिदिएँ

### प्राप्त गरेको उपकरणको बिवरण

| सि.नं. | उपकरणको नाम | परिमाण | दर | गा.पा. को अनुदान | कृषकको लागत सहभागिता | जम्मा रकम | कैफिएत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| गाउँपालिकाको तर्फबाट | कृषकको तर्फबाट |
|---|---|
| दस्तखत | दस्तखत कर्मचारीको |
| नामः | कृषकको नाम : |
| पद : | पद : |
| मितिः | मिति : |
| छाप : | संस्थाको छाप |

आज्ञाले

नन्द लाल शर्मा

प्रमुख प्रशासकीय अधिकृत